Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# कार्यगत तालीम (OJT) का सम्बन्धमा ज्यादातर सोधिने प्रश्नहरु

**१) OJT को व्यवस्था कसले मिलाउँछ?**

पेशागत तालीमको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी तालीम प्रदायक संस्थालाई दिइएको हुनाले OJT व्यवस्थापन पनि तालिम प्रदायक संस्थाको जिम्मेवारीमा पर्दछ। कतिपय अवस्थामा प्रशिक्षार्थीले भनेका कम्पनी भए पनि न्यूनतम् मापदण्ड पूरा गरेको अवस्थामा मात्र तालीम प्रदायक संस्थाले त्यस्तो कम्पनीसँग लिखित सहमति गरी ती प्रशिक्षार्थीलाई पठाउन भने सकिनेछ।

**२) मैले कति दिन र दिनको कति समय OJT गर्नुपर्छ?**

यस कार्यक्रममा प्रयोगमा ल्याइएको प्रोफेसनल कुकको तालिममा जम्मा ८५४ घण्टा या करिब १०७ दिन OJT गर्नुपर्छ भने अन्य पेशाका लागि पाठ्यक्रममा उल्लेख भए अनुसार ५७६ घण्टा या करिब ७२ दिन हुनेछ। सामान्यता OJT दिनको ८ घण्टा गर्नुपर्नेछ तर कतिपय अवस्थामा सम्बन्धित कम्पनीको नियम या कामको चाप हेरी बढी समयको पनि अपेक्षा राख्न सक्नेछन्।

**३) डायरी (Learner's Dairy) सधैं राख्नै पर्छ?**

कार्यगत तालीममा डायरी राख्नुको उद्देश्य प्रशिक्षार्थीले OJT मा के कति सिके भनेर सम्बन्धित कम्पनी र तालीम प्रदायक संस्थाले थाहा पाउनु हो। अर्को अर्थमा प्रशिक्षार्थीले OJT को समयमा के कति सिकियो भनेर आफैले स्वमूल्यांकन गर्नु पनि हो जसका आधारमा OJT को क्रममा कम्पनी प्रशिक्षकले पृष्ठपोषण प्रदान गर्छन् भने तालीम प्रदायक संस्थाले OJT को अवधिपछि सीप परीक्षणलाई लक्षित गरेर के विषयमा पूरक तालीम दिने भन्ने जानकारी प्राप्त गर्छन्। यसर्थ प्रशिक्षार्थीले डायरी दैनिक रुपमा अद्यावधिक गरी राख्नु अत्यावश्यक छ।

**४) कम्पनी प्रशिक्षक (In-company Trainer) को के भूमिका रहन्छ?**

प्रशिक्षार्थीहरुलाई कार्यगत तालीम गराउन सहयोग गर्ने कम्पनीको सम्बन्धित पेशाको वरिष्ठ कामदारलाई कम्पनी प्रशिक्षकको रुपमा कार्यगत तालीममा प्रशिक्षण तथा सहज गर्ने कार्यका लागि नियुक्त गरिएको हुन्छ। कम्पनी प्रशिक्षकले प्रशिक्षार्थीलाई कम्पनीका नियम तथा चलनका बारेमा अवगत गराउँछन् साथै नियमित रुपमा प्रशिक्षकको रुपमा सहयोग गर्ने र प्रशिक्षार्थीहरुको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्छन्। साथै कम्पनी प्रशिक्षकले प्रशिक्षार्थीलाई आवश्यक पृष्ठपोषण पनि प्रदान गर्दछन्।

**५) कार्यालय समय (Duty Hour) कस्तो हुन्छ?**

OJT मा जानुको एउटा मुख्य उद्देश्य कार्यस्थलको वातावरण र कामको संसार (World of Work) चिन्नु पनि हो। तोकिएको समयमा आउने र जाने बानी कुनै पनि कर्मचारीको अनुशासनको प्रमुख पक्ष हुनाले तोकेको समयमा कार्यस्थलमा रहनु यहाँको कर्तव्य हो। त्यसबाट नै भविष्यको रोजगारीको ढोका समेत खुल्ने गर्दछ।

**६) के मैले त्यहाँ कर्मचारीको जस्तै सुविधा पाउँछु?**

OJT गर्न जाने कम्पनीले यहाँलाई कार्यस्थल उपलब्ध गराएको हुन्छ। त्यसको अतिरिक्त कम्पनीका दक्ष शिल्पीले यहाँलाई सिकाइरहेका हुन्छन्। यसको मतलब यहाँलाई कम्पनीले लगानी गरिनैरहेको हुन्छ। तसर्थ यहाँलाई अन्य कुनै सुविधा दिने या नदिने विषय सो कम्पनीको नियम तथा निर्णयमा भर पर्दछ । तर तपाँई तालीम अवधिमा रहेको हुनाले सोही संस्थाका नियमित कर्मचारीहरुको जस्तै सुविधा भने प्राप्त हुँदैन।

**७) मैले कति दिन छुट्टी पाउँछु?**

कुनै पनि प्रशिक्षार्थीलाई सो कम्पनीको नियम अनुसार कम्तीमा हप्ताको एक दिन छुट्टी दिनुपर्छ। भैपरि आउने अवस्थामा आफ्ना तालीम प्रदायक संस्थाका संयोजक तथा कम्पनी प्रशिक्षकको अनुमतिमा छुट्टी लिन सक्नुहुनेछ। यहाँको कुल तालीम अवधि १ हजार ६ सय ९६ घण्टाभरिमा) यहाँले २६ दिन छुट्टी पाउनुहुन्छ।

**८) OJT को अवधिमा सिक्न नपाएका सीपका विषयमा के हुन्छ?**

तालीम प्रदायक संस्थाले यथासम्भव पाठ्यक्रममा भएका सबै कार्यको अभ्यास गर्न सक्ने गरी OTJ स्थलको छनौट गर्नेछन्। तर पनि कुनै कुनै सीपको अभ्यास गर्न अवसर नपाउने अवस्था हुन सक्ने हुनाले तालीम प्रदायक संस्थाले OJT अवधिपछि सीप परीक्षण हुनु अगाडि पुनः कम्तीमा १५ दिन जति तालिम केन्द्रमा नै अभ्यास गराउनेछन्।

**९) OJT गरेको कम्पनीमा रोजगारीको संभावना छ कि छैन?**

कुनै कम्पनीमा OJT गर्नुको अर्थ सिकाइकै क्रममा कार्यस्थलको वास्तविक अनुभव ग्रहण गर्नु हो। अभ्यासको अवसर उपलब्ध गराउनुको अलावा परियोजना या तालीम प्रदायक संस्था वा कम्पनीले तपाँईलाई रोजगारीको लागि सहयोग र समन्वय गरिदिन्छ। तपाँईको काममा चित्त बुझ्यो र कम्पनीलाई आवश्यकता भयो भने रोजगारीको लागि प्रस्ताव पनि गर्न सक्नेछ तर रोजगारीका लागि सबैभन्दा महत्वपूर्ण भूमिका यहाँको नै रहन्छ।

**१०) OJT को समयावधिमा तालीम प्रदायकसँगको सम्पर्क आवश्यक छ कि छैन?**

तालीम प्रदायकलाई OJT को अवधिमा नियमित रुपमा सबै प्रशिक्षार्थीको अनुगमन गर्न सुझाव दिइएको हुन्छ। साथै तालीम प्रदायक संस्थाले तपाँईको दैनिक हाजिरी हेरेर मासिक खर्च दिन्छ। तपाँईको कार्य प्रगति तथा समस्या निराकरण आदिका लागि पनि तालीम प्रदायक संस्थासँगको नियमित सम्पर्क आवश्यक छ।

**११) प्रशिक्षार्थीलाई केही असुविधा हुँदा के गर्ने ?**

कुनै पनि प्रशिक्षार्थीलाई कुनै प्रकारको समस्या भएमा सर्वप्रथम त कम्पनी प्रशिक्षकलाई जानकारी दिनुपर्छ। यसले समस्या समाधान नभएमा सो कम्पनीको HR department र तालीम प्रादायक संस्थाको संयोजकलाई जानकारी दिनुपर्छ। यति गर्दा पनि समस्याको हल ननिस्केमा परियोजनाका कर्मचारीलाई जानकारी दिनुपर्छ। परियोजनाले प्रदान गरेको नम्बरमा म्यासेज गर्न वा लिखित जानकारी वा दुवै गर्न सक्नुहुनेछ।

**१२) बीचमा OJT को कम्पनी परिवर्तन गर्न पाइन्छ?**

सामान्यतया: OJT को अवधिभरि प्रशिक्षार्थी एकै स्थानमा कार्यरत् रहोस् भन्ने परियोजनाको उद्देश्य भए पनि कुनै अवस्थामा तालीम प्रदायक संस्थाले प्रशिक्षार्थीले आवश्यक सीप एकै कम्पनीमा सिक्ने अवसर नपाउने यकीन भएमा उसको सम्पर्कमा रहेका अन्य कम्पनीमा पूरकका रुपमा पठाउन सक्नेछ। कुनै विशेष अवस्थामा पनि तालीम प्रदायक संस्थाले कम्पनी र परियोजनाका सम्बन्धित व्यक्तिसँग छलफल गरी अन्य कम्पनीमा प्रशिक्षार्थीलाई OJT का लागि पठाउन सक्नेछ।

**१३) सीप परीक्षण कहिले हुन्छ? यसका लागि के गर्नुपर्दछ?**

सीप परीक्षण CTEVT को राष्ट्रिय सीप परीक्षण समितिले गर्छ। यसका लागि निश्चित समयमा आवेदन आह्वान गरिन्छ। तर उपयुक्त संख्यामा परीक्षार्थी भएमा अन्य समयमा पनि सीप परीक्षण हुन सक्छ। OJT अवधि समाप्त भएपश्चात् तालीम प्रदायक संस्थाले १५ दिनको लागि तालिम केन्द्रमा राखी थप अभ्यास तथा प्रशिक्षण गराउँछ। यस अवधिमा तालीम प्रदायक संस्थाले प्रशिक्षार्थीका लागि पाठ्यक्रम दोहोराउने र अभ्यास सीप परीक्षण mock skill test समेत आयोजना गर्छ। तालीम प्रदायक संस्थाले नै प्रशिक्षार्थीहरुको फाराम संकलन गरी सीप परीक्षणका लागि आवश्यक कार्यको सहजीकरण समेत गर्छ। परियोजनाले पहिलो पटकको सीप परीक्षणको शुल्क प्रदान गर्ने व्यवस्था गरेको हुँदा यहाँले सो परीक्षणमा उत्तीर्ण हुने गरी सीप सिक्नुपर्दछ।

**१४) अनुगमनका कर्मचारीले किन सोधखोज गर्दछन्?**

अनुगमनमा आउने परियोजनाका कर्मचारीहरु तपाँईले गुणस्तरीय प्रशिक्षण प्राप्त गर्नुहोस् भन्ने आशा राख्छन् । यसैले उनीहरुले तालीमसँग सम्बन्धित विभिन्न प्रश्न गर्नुको मुख्य उद्देश्य तपाँईले उचित तवरले प्रभावकारी प्रशिक्षण भएको छ छैन भनेर यकीन गर्नको लागि नै हो । उनीहरुको मूल ध्येय तालीम योजना अनुसारको समय तालिकामा चलेको छ छैन, आवश्यक तालीम सामग्री उपलब्ध छन् छैनन्, प्रशिक्षार्थी नियमित छन् छैनन् जस्ता कुराको सुनिश्चितता गर्नु हो ।

**१५) तालीमको समाप्तिपछि परियोजनाले केही सहयोग गर्छ कि?**

तालीमपछि यहाँले तालीम प्रदायक संस्थाबाट प्रमाणपत्र प्राप्त गर्नुहुनेछ। परियोजनाले तालीम प्रदायक संस्थामार्फत् तपाँईको रोजगारीका लागि सम्भावित रोजगारदातासँग परिचय गराई उपयुक्त रोजगारी प्राप्तिका लागि सहयोग गर्नेछ । यहाँको सफलताको बारेमा जानकारी लिनका लागि यस परियोजना तालीमपश्चात् पनि निरन्तर सम्पर्कमा रहनेछ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**


ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना
फोन नम्बरः ०१– ६६३६१९१/६६३६०७३/६६३४४४३
टोल फ्री नम्बरः १६६००१००२२२
वेबः www.enssure.org.np

ENSSURE प्रदेश सहयोग इकाईहरु :

प्रदेश नं १, विराटनगर
०२१-४६३५०४

बागमती प्रदेश, हेटौडा
०५७-५२०६६९

लुम्बिनी प्रदेश, बुटवल
०७१-५४३२६५


**कार्यान्वयनकर्ताः**

CTEVT 1989

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं १, विराटनगर, मोरङ

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश, हेटौडा

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

स्थानीय तहमा
नगरपालिकाहरू

**प्राविधिक सहयोगः**

HELVETAS NEPAL